गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

११ असोज २०८१ | बुलेटिन संख्या #१५५७

## मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ११५

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २५ | ० | ० | ४ | १५,८०,००० | ४ | ३ |

**हाइलाइट:**

- **हिजो साँझ देखि देशका अधिकांश स्थानहरुमा ठूलो पानी परिरहेको छ । यो क्रम असोज १३ गते आइतबारसम्म नै रहने संभावना छ। विशेषगरी कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका सबै जिल्ला र मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही जिल्लाहरु बढी प्रभावित हुन सक्ने हुनाले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ। साथै अत्यावश्यक नभई घरदेखि टाढाको यात्रा नगर्नु हुन समेत अनुरोध छ। थप जानकारीको लागि:** https://www.dhm.gov.np/
- **पहिरोबाट ३ र आगलागीबाट १ गरी ४ जना घाईते।**

**घटना सारांश:**

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | ईलाम | सन्दकपुर गा.पा.-३ सुलुबुङ स्थित इलाम सन्दकपुर निर्माणधिन भित्री सडक खण्डमा अविरल वर्षाको कारण माथिबाट लेदो सहितको पहिरो झरी सडक अवरोध । | ० | ० | ० | प्र.चौ.बन्दुकेको टोली खटि खुलाउन आवस्यक समन्वय भइरहेको । |
| | ईलाम | देउमाई नपा.-७ गौरी स्थित एक घरमा माथिबाट पहिरो गई बरान्डा भाच्चिई २५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ जितपुरको टोली खटिई गएको । |
| | ईलाम | सुर्योदय न.पा.-२ राजा सामुदायिक वन स्थित पशुपतिनगर मानेभन्ज्याङ भित्री कच्ची सडकखण्डमा अविरल वर्षाको कारण पहिरो गई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | इप्रका पशुपतिनगर र मानेभन्ज्याङको टोली खटी गई आवश्यक समन्वय भईरहेको । |
| | धादिङ्ग | गल्छी गा.पा.-४ चिरौदी स्थित पृथ्वी लोगमार्गमा सडक माथिबाट सुख्खा पहिरो खस्न जादा ग२च ७८८५ नम्बरको कार पुरिई कारमा सवार ३ जना घाईते । | ० | ० | ३ | प्र.चौ.बैरेनी, इ.प्र.का. गजुरी, सशस्त्र, शिव दल गणको टोली खटि घाईतेहरुलाई उद्दार गरी बैरेनि अस्पताल पठाएको |
| | दैलेख | महावु गा.पा-४ मनघर मध्य पहाडी लोकमार्गमा पहिरो आई बाटो अवरोध.। | ० | ० | ० | प्र.ह.को टोली खटि गइ बाटो सुचारु । |
| | कालिकोट | कर्णाली राजमार्ग स्थित शुभकालिका गा.पा.-१ गगनेखोलामा माथिबाट ढुङ्गा माटो सहितको पहिरो आई सडक अबरोध । | ० | ० | ० | प्र.ह.को टोली खटिई गई पहिरो हटाए पश्चात सडक पूर्णरुपमा सुचारु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जाजरकोट | छेडागाड न.पा.-६ देबल टोल स्थित एक अस्थाई टहरामा माथिबाट पहिरो आई टहरा पुरिई सँगैको भैरब बाल बिकास बिद्यालयको २ वटा कोठामा समेत माटो सहितको भल पानी पसी क्षति । | ० | ० | ० | इ.प्र.का.बडावनको टोली खटी गएको । |
| | बझाङ्ग | छबिसपाथिभेरा गा.पा.-१ बालुबाटार र ऐ.ऐ. जालेबगर स्थित जयपृथ्वी राजमार्गमा माथिबाट पहिरो आई सडक अबरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट बगडगाँउको टोली खटि JCB द्धारा बाटो खुलाउने पहल भईरहेको |
| | बैतडी | पाटन न.पा.-५ अडतोला स्थित पाटन पञ्चेश्वर भित्री सडकमा माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | इ.प्र.का. पाटनको टोली खटिई गई खुलाउने पहल भइरहेको |
| | बैतडी | डिलासैनी गा.पा.-४ जोखल्ली स्थित एक घर माथिबाट पहिरो आई घर पुरिई लत्ताकपडा, भाँडाकुडा र अन्नपात पूर्णरुपमा क्षति । | ० | ० | ० | ९ जनाको परिवारलाई छिमेकीको घरमा सारिएको । |
| | दार्चुला | शैल्यशिखर न.पा.-६ पनेबाँज र ग्वानि स्थित गोकुलेश्वर दार्चुला हाईवेमा बर्षातका कारण माथिबाट पहिरो आई सडक अवरुद्ध । | ० | ० | ० | प्र.चौ. मालिकार्जुनको टोली खटिई गई सडक पुर्णरुपमा सुचारु । |
| **बाढी** | रसुवा | गोसाईकुण्ड गा.पा.-२ टिमुरे बजार स्थित अबिरल बर्षाको कारण पासाङल्हामु राजमार्ग अन्तर्गत स्याफ्रूबेशी टिमुरे सडक खण्डमा माथिबाट लेदो माटो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |
| **अबिरल वर्षा** | ईलाम | देउमाई नपा-९ नबमी बजार स्थित एक घर नजिकै लगाएको सिमेन्ट र इट्टाको पर्खाल अविरल बर्षाको कारण भत्किदा एउटा कोठाको भित्ता भत्किई टि.भि, मोबाइल, लुगासिलाउने मेसिन गरी ६ लाख रुपैंया बराबरको क्षति, छिमेकीको समेत पर्खाल भत्किई १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.जितपुरको टोली खटिई गएको । |
| | मुस्ताङ्ग | वारागुङ मुक्तिक्षेत्र गा.पा.-३ ताङवे खोला स्थित जोमसोम कोरोला सडक खण्डमा वर्षातको कारण खोलामा पानीको वहाव बढी बाटो बगाई पूर्णरुपमा अवरोध । | ० | ० | ० | ई.प्र.का.छुसाङको टोली खटि गई बाटो सुचारू। |
| | दैलेख | ठाटिकाध गापा.-५ स्याउलेकाँध स्थित एक घरको दुबै तलाको पुर्ब पट्टीको पर्खाल अबिरल वर्षाका कारण भत्किन जादा घर जोखिममा, १८ जनाको परिवार आफन्तको घरमा बसेको । | ० | ० | ० | - |
| | डोटी | पुर्वीचौकी गा.पा.-३ नाईवाडा स्थित एक गोठ बर्षाका कारण भत्किई १ वटा गोरु र २ वटा गाई घाईते । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बैतडी | दशरथचन्द न.पा.-२ ग्वालेक स्थित एक घर अबिरल वर्षाका कारण भत्किई एउटा कुखुरा र एउटा बाख्राको घट्नास्थलमै मृत्यु, १० जनाको परिवार त्रिपाल टागेर बसेको । | ० | ० | ० | प्र.चौ. देहिमाण्डौको टोली खटि गएको । |
| आगलागी | मोरङ्ग | रतुवामाइ न.पा.-४ घोपाटोली स्थित एक घरमा बिद्युत सर्ट भई आगलागी हुँदा लत्ताकपडा, चाँदी, नगद समेत जली २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | इप्रका सिजुवाको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | सुनसरी | बराहक्षेत्र न.पा.-५ रामजोडा स्थित एक गुवाली घरमा चुल्होको आगो सल्की अचानक आगलागी हुँदा पराल, काठपात सहित गुवाली पूर्णरुपमा जली १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. भरौलको टोली, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | बारा | जितपुर सिमरा उ.म.न.पा.-२२ स्थित ३ नं. पुल नेम्वा बजारबाट ढुकुवा गाउँ जाने भित्री सडक खण्डमा रोकीराखेको ना२ह ४२७४ नं.को अटोमा अचानक आगलागी हुँदा १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | इ.प्र.का.अम्लेखगंजको टोली खटि गएको । |
| | सिन्धुपाल्चोक | हेलम्बु गा.पा-२ बर्षाङ स्थित एक गोठमा खोले पकाउने क्रममा आगलागी हुँदा १ वटा भैसी, १ वटा बाख्राको मृत्यु, १ वटा पाडो, ५ वटा बाख्रा घाईते । | ० | ० | ० | इ.प्र.का. हेलम्बुको टोली खटि गएको । |
| | काठमाडौं | काठमाण्डौ मनपा-४ धुम्बाराही चोक नजिक अचानक विद्युत सर्ट भई बिजुलीको पोलमा आगलागी हुँदा इन्टरनेट र केवलका तारहरु जली क्षति । | ० | ० | ० | प्रहरी टोली र दमकलको सहायताले आगो नियन्त्रण । |
| | रसुवा | गोसाईकुण्ड गा.पा.-५ कोमीन स्थित एक घरमा खाना पकाउने क्रममा आगलागी हुँदा लताकपडा, भाँडावर्तन, अन्नपात, नगद सहित २ लाख ५५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | प्रचौ स्याफ्रुबेशीको टोली खटि गएको । |
| | कास्की | पोखरा म.न.पा.-१८ भकुण्डे बस्ने वर्ष ६५ की एक महिला पानी तताउने क्रममा ग्यास लिक भई आगलागी हुँदा जली घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि गण्डकी मेडिकल कलेज लगिएको । |
| | तनहुँ | म्याग्दे गा.पा.-६ रुसेपानी स्थित एक घरमा दाउराबाट खाना पकाउदै गर्दा अचानक आगलागी हुँदा नगद, अन्नपात र लत्ताकपडा सबै जली २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ थर्पुको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| **जम्मा संख्या** | | २५ | ० | ० | ४ | |

❖ *नोटः असोज १० गते विहान १०:०० बजे देखि ११ असोज विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

असोज १० गते बिहान ०८:४५ बजे देखि असोज ११ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०६/११ गते बिहान ०८:४५ बजे २२२ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ७७ र स्वचालित: १४५) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार २२२ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा झापा जिल्लाको केचना केन्द्रमा (२३०.० मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ७१ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र १७ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: असोज १० गते बिहान ०८:४५ बजे देखि असोज ११ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांश:




नक्सा २: असोज १० गते बिहान ०८:४५ बजे देखि असोज ११ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: असोज ०९ गते साँझ ०५:४५ बजे देखि असोज १० गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १:५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| रौतहट, तनहुँ, सुनसरी, अर्घाखाँची नवलपरासी, धनुषा, सर्लाही, गुल्मी, महोत्तरी, चितवन, पाल्पा, रुपन्देही, धनकुटा, पर्वत, मकवानपुर, पर्सा, स्याङ्जा, पाचँथर | इलाम, सिराहा, कञ्चनपुर, कैलाली, मोरङ, सप्तरी, उदयपुर | झापा |

तालिका २: २०८१/०६/११ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०६/१० गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ५ | ० |
| १५ देखि २० | ३२ | ७ |
| २० देखि २५ | ३९ | २० |
| २५ देखि ३० | ० | ४३ |
| ३० देखि ३५ | ० | १२ |
| जम्मा केन्द्र संख्या (वटा) | ७६ | ८२ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २४.५ डि.से./चिसापानी (कर्णाली), कैलाली | ३४.५ डि.से./महेन्द्रनगर, कञ्चनपुर |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १३.३ डि.से./दामन, मकवानपुर | १८.० डि.से./नगरकोट, भक्तपुर |

**नोटः**

डि.से. = डिग्री सेल्सियस, मि.मि. = मिलिमिटर

डाटाबेसमा प्राप्त हुने तथ्याङ्कको आधारमा दैनिक रिपोर्टमा प्रयोग हुने केन्द्रको संख्या फरक पर्न सक्नेछ।

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**